# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

को

सहयोगमा

स्थानीय तहले पेश गरेको प्रस्तावना बमोजिम छनौट भएका

## खानेपानी तथा सरसफाइ योजना

कार्यान्वयनका लागि

मष्टा गाउँपालिका,

र

## स्थानीय पूर्वाधार विभाग (DoLI)

बीच सम्पन्न

# समझदारी-पत्र

मितिः २०७६/०३/०८

स्थान : चैनपुर, बझाङ्ग

# समभ्कदारी-पत्र

## १. प्रारम्भ

नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच २०७२ मंसीर २४ गते सम्पन्न द्विपक्षीय सम्झौता बमोजिम ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण (RVWRMP III) फागुन २०७२ देखि भाद्र २०७९ सम्मको लागि यस क्षेत्रका विभिन्न स्थानीय तहहरुमा सफलतापूर्वकसञ्चालन भइरहेको छ । परियोजनाले जलस्रोत तथा जीवीकोपार्जन विकासका क्रियाकलापहरुमा सहयोग गर्नुका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका १० जिल्ला (कर्णाली प्रदेश – हुम्ला र दैलेख तथा सुदूरपश्चिम प्रदेश – अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दार्चुला, डोटी र कैलाली)का विभिन्न स्थानीय तहहरुमा योजना कार्यान्वयनमा सहयोग गर्दछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/स्थानीय पूर्वाधार विभाग मातहत कार्यान्वयन हुने यस परियोजनामा नेपाल सरकार, यूरोपेली युनियन तथा फिनल्याण्ड सरकारको आर्थिक सहयोग रहेको छ । युरोपेली युनियनले सेप्टेम्बर २०१७ देखि प्रत्योजित व्यवस्थापन (Delegated Management) अन्तर्गत फिनल्याण्ड सरकार मार्फत परियोजनामा लगानी आरम्भ गरेको हो । यसका अतिरिक्त स्थानीय स्तरमा परियोजना कार्यान्वयनमा सम्बन्धित स्थानीय तह र उपभोक्ता समुदायको समेत लगानी रहन्छ ।

स्थानीय पूर्वाधार विभाग (यसपछि विभाग भनिएको) र मष्टा गाउंपालिका (यसपछि गाउँपालिका भनिएको), ले यससमभ्कदारी–पत्रमा हस्ताक्षर गरी यसै समभ्कदारी–पत्रको खण्ड २ मा उल्लेख भए बमोजिमका खानेपानी तथा सरसफाइ योजना कार्यान्वयन गर्न/गराउन सहमती जाहेर गर्दछन् ।

योजनामा हुने लगानीका सिद्धान्तहरु, कोष प्रवाह पद्धति, वित्तीय प्रतिवेदन तथा परियोजना कार्यान्वयनका अन्य नीति नियमहरु परियोजना दस्ताबेज तथा परियोजना सुपरिवेक्षण समितिले स्वीकृत गरेका निर्देशिका तथा कार्यविधिहरु अनुसरण गरि कार्यान्वयन गरिनेछ ।परियोजना कार्यान्वयन गर्दा उक्त निर्देशिका तथा कार्यविधिहरुको अनिवार्य रुपमा पालना गरिनेछ ।

यस समभ्कदारी मार्फत मष्टापालिका योजनाहरुको कार्यान्वयन गर्दा परियोजनाको कार्यपद्धति तथा अवधारणा बमोजिम कार्यान्वयन गर्न पूर्ण सहमती व्यक्त गर्दछ ।

## २. समभ्कदारी–पत्रको कार्यक्षेत्र

परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका तथा खानेपानी तथा सरसफाइ योजनाको चरणवद्ध कार्यविधि अवलम्बन गरी तपसीलमा उल्लेख भए वमोजिमका खानेपानी तथा सरसफाइ योजनाहरु कार्यान्वयन तथा खानेपानी तथा सरसफाइ योजना क्षेत्रमा घरबारी व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न गर्नु यस समभ्कदारी–पत्रको कार्यक्षेत्र हुनेछ । तपसीलमा उल्लेख भएका योजनाहरु यस समभ्कदारी–पत्र बहाल रहने अवधिभित्रमा भित्रमा निर्माण सम्पन्न गरी हिसाब फरफारक गरीसक्नुपर्नेछ । यदि तोकिएको

समयभित्रमा योजना सम्पन्न नभएमा मष्टा गाउँपालिकाले उक्त योजना सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण प्राविधिक तथा आर्थिक पक्षको जिम्मेवारी बहन गर्नुपर्नेछ ।

योजनाको विवरण

| क्र.सं. | योजनाको नाम | वडा नं | टोल बस्तीहरु | लाभान्वित घरसंख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | खोलडोली खानेपानी तथा सरसफाई योजना | २ | घट्टेखोला, बाडेगाउ, माझिगाउ, मुग्ल्याना | १६३ | ९०० |
| २. | मुलपानी खानेपानी तथा सरसफाई योजना | १ | रनाडा | २७२ | १५०० |

नोट : माथिका योजनाहरु विविध कारणले सञ्चालन हुन नसकेमा परियोजना व्यवस्थापन समुहले सुचिकृत गरी विस्तृत सर्भेक्षणका लागि पठाइएको विवरण अनुसारका योजनाहरुलाई प्राथमिकता गरी पुन: स्वीकृत लिई प्रकृया अगाडी बढाउन सकिनेछ ।

## ३. गाउँपालिकाको भूमिका तथा जिम्मेवारी

सम्बन्धित आर्थिक वर्षको नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम एवं परियोजना कार्यान्वयन निर्देशिका तथा खानेपानी योजना कार्यान्वयनको चरणवद्ध कार्यविधि मातहत रही उपरोक्त योजनाको कार्यान्वयन गर्ने पूर्ण जिम्मेवारी गाउँपालिकाको हुनेछ । कार्यकारी निकायको रुपमा गाउँपालिकाको भूमिका र जिम्मेवारी निम्न बमोजिम हुनेछन् ।

१. गाउँपालिकाले परियोजनामा पेश गरेको योजना प्रस्तावमा प्रतिवद्धता जनाए बमोजिम गाउँपालिकाले योजनाको कुल लागतको ३५% नगद योगदान गर्नेछ । उक्त रकम उपभोक्ता समितिको खातामा निकासा दिनुपर्नेछ । गाउँपालिकाले गर्नुपर्ने वास्तविक योगदान रकम योजनाको डिजाइन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ । यसका अतिरिक्त गाउँपालिकाले प्रस्तावनामा उल्लेख भए बमोजिम उपभोक्ता समुदायवाट विस्तृत लागत स्टिमेट तयार पार्दा निश्चत गरिएको नगद र २५% श्रमलगानी जुटाउन आवश्यक सहजीकरण गर्नेछ ।

२. वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम योजनाको निर्माण, सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा रहनेछ । यसर्थ: गाउँपालिकाले योजना निर्माणको लागि आवश्यक पर्ने रकम गाउँपालिका र उपभोक्ता समिति बीच हुने योजनाको कार्यान्वन चरणको सम्झौतामा उल्लेख भए बमोजिम किस्ताबन्दी रुपमा उपभोक्ता समितिको खातामा निकासा गर्नेछ । योजनास्तरको खरिद कार्यहरु परियोजना कार्यान्वयन निर्देशिका बमोजिम उपभोक्ता समितिले गर्नेछ ।

३. गाउँपालिकाले निर्दिष्ट फाराम भरी अनिवार्य रुपमा परियोजना तर्फको आम्दानी खर्चको विवरण ( फाँटवारी) मासिक रुपमा परियोजना कार्यालयमा पेश गर्नेछ । उक्त प्रतिवेदनमा नेपाल सरकार, दातृ निकाय, गाउँपालिका र समुदायको उक्त महिनामा भएको योगदान समेत उल्लेख भएको हुनेछ ।

४. गाउँपालिकाले वित्तिय अनुगमनको लागि परियोजनाका आधिकारिक प्रतिनिधिलाई परियोजना कोषको आम्दानी खर्चको अभिलेख चेकजाँच गर्न अनुमति दिनेछ । यस्तो अनुगमनको प्रतिवेदन

कार्यस्थलमा नै तयार गरी सो को प्रति सबै सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराइनेछ । अनुगमनको क्रममा दिइएका सुझावहरु कार्यान्वयन गर्नु गाउँ/गाउपालिकाको दायित्व हुनेछ ।

५. गाउँपालिका कोषबाट उपभोक्ता समिति तथा सहयोगी सास्थालाई हुने सबै आर्थिक कारोबारहरुको पारदर्शिता कायम राख्नु गाउँपालिको जिम्मेवारी हुनेछ । गाउँपालिकाले सबै खर्चहरु परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका तथा यो समझदारी-पत्र वमोजिम भएको र जलस्रोत विकास सम्बन्धी योजना तथा कार्यक्रमहरुको योजना तर्जुमा, तयारी, कार्यान्वयन र निर्माण पश्चातको चरणका सवै खर्चहरुको सार्वजनिक परिक्षण चरणवद्ध कार्यपद्धतिमा उल्लेख भए वमोजिम सम्पन्न भएको सुनिश्चित गर्नेछ । हरेक आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाले जलस्रोत विकास कोषको आम्दानी तथा खर्चको विवरण सार्वजनीक गर्नेछ । नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपेली युनियन तथा गाउँपालिको समेत योगदान रहेको जलस्रोत विकास कोषको सञ्चालन, नियन्त्रण तथा नेपाल सरकारको नियमानुसार लेखापरिक्षण गराउने जिम्मेवारी गाउँपालिको हुनेछ । गाउँपालिकाले उक्त लेखापरिक्षण प्रतिवेदनको प्रतीस्थानीय पूर्वाधार विभाग र परियोजना कार्यालयमा पठाउनेछ ।

६. गाउँपालिकाले परियोजना अन्तर्गतका सबै क्रियाकलापहरु सञ्चालन गर्दा परियोजनाका निर्देशिका तथा कार्यविधिहरु पालना भएको सुनिश्चित गर्नेछ, परियोजना अन्तर्गतका क्रियाकलापहरुको सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समिति गठन गर्नेछ । उक्त समितिको संरचना, भूमिका र जिम्मेवारी परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए वमोजिम हुनेछ ।

७. सम्बन्धित आर्थिक वर्ष भित्रका स्वीकृत कार्यक्रमहरु समयमा नै सम्पन्न गर्नको लागि गाउँपालिकाले प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउनेछ ।

८. गाउँपालिकाले निर्धारित ढाँचा प्रयोग गरी मासिक, चौमासिक र वार्षिक रुपमा प्रतिवेदनहरु परियोजना समन्वय कार्यालय डडेल्धुरामा पठाउनेछ । यसका अतिरिक्त गाउँपालिकाले फिल्ड कर्मचारीको सहयोगमा योजनाहरुको प्रगती प्रतिवेदन समेत नियमित रुपमा परियोजना कार्यालयमा पठाउनेछ ।

९. परियोजना कार्यान्वयनका लागि गाउँपालिकाले पर्याप्त संख्यामा कर्मचारी व्यवस्थापन गर्नेछ । यस प्रयोजनको लागि परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए वमोजिम सहयोगी संस्थासंग बार्षिक कार्यसम्पादनमा आधारित करार सम्झौता गरी काममा लगाउनेछ । सहयोगी संस्थाको शुल्क तथा अन्य खर्च स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको हुनेछ ।

१०. परियोजनाको क्रियाकलापहरु कार्यान्वयनको सिलसिलामा यस गाउँपालिकामा कार्यरत कुनै कर्मचारी अन्य गाउँपालिकामा समेत आँशिक रुपमा काम गर्नु आवश्यक देखिएमा वा कार्यबोझको हिसाबले एक जना कर्मचारी एक भन्दा बढि गाउँपालिकामा कार्यरत रहनुपर्ने अवस्थामा परियोजनाका जलस्रोत सल्लाहकारको लिखित सिफारिसमा यस्तो जनशक्ति लागत साझेदारीको आधारमा एक भन्दा बढि गाउँपालिकामा परिचालन गर्न सकिनेछ । यस सम्बन्धी प्रावधान तथा लागत साझेदारी गाउँपालिका र सहयोगी संस्था बीच हुने सम्झौतामा स्पष्ट रुपमा उल्लेख गरिनेछ ।

११. गाउँपालिकाले सञ्चालित कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने र योजना सम्पन्न तथा फरफारक गर्ने कार्यमा उपभोक्ता समितिलाई आवश्यक सहयोग गर्नेछ ।

१२. गाउँपालिकाले परियोजना क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन तथा नीतिगत सुधारका लागि परियोजनालाई आवश्यक पृष्ठपोषण उपलब्ध गराउनेछ ।

१३. परियोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्दा गाउँपालिकाले परियोजना कार्यान्वयन निर्देशिकामा व्यवस्था भए बमोजिम भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अख्तियार गर्नेछ ।

## ४. स्थानीय पूर्वाधार विभाग (डोली) को भूमिका तथा जिम्मेवारी

स्थानीय पूर्वाधार विभाग (DoLI) ले परियोजना मार्फत गाउँपालिका क्षेत्र भित्र खानेपानी, सरसफाइ र स्वच्छताका अतिरिक्त एकिकृत जलस्रोत व्यवस्थापन, जीविकोपार्जन प्रवर्द्धन कार्यक्रमको विकास, समन्वय र कार्यान्वयनमा आवश्यकसहयोग उपलब्ध गराउनेछ । परियोजना अन्तर्गत दुई वटा कार्यालय छन् : (१) नेपाल सरकारद्वारा स्थापित तथा राष्ट्रिय परियोजना संयोजकको नेतृत्वमा रहेको परियोजना समन्वय कार्यालय (Project Co-ordination Office) । यो कार्यालय परियोजनाको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार रहन्छ । (२) फिनल्याण्ड सरकारका तर्फबाट अन्तर्राष्ट्रिय परामर्शदाताद्वारा स्थापित प्रमुख प्राविधिक सल्लाहकार/टीम लिडरको नेतृत्वमा रहेको परियोजना सहयोग इकाई (Project Support Unit) जसले गाउँनगरपालिकामा परियोजनाका कार्यक्रमको अनुगमन तथा क्षमता विकासमा गाउँपालिकालाई आवश्यक सहयोग उपलब्ध गराउँछ । यसका अतिरिक्त विभिन्न गाउँपालिकाहरुलाई प्राविधिक सहयोग गर्नको लागि स्थापित प्राविधिक सहयोग इकाई तथा लक्षित गाउँपालिकाहरुमा स्थापित गाउँपालिका सहयोग इकाईले समेत योजना कार्यान्वयनमा आवश्यक सहयोग उपलब्ध गराउँछन् ।

यस समझदारी–पत्र कार्यान्वयनमा परियोजना मार्फत विभागको भूमिका र जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

१. परियोजना दस्तावेजमा उल्लेख भएअनुसार गाउँपालिकामा जलस्रोतका पूर्वाधार विकास र जीविकोपार्जन कार्यक्रम कार्यान्वयन तथा क्षमता विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउने,

२. परियोजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि नियुक्त भएका सहयोगी संस्थाहरुलाई सल्लाह सुझाव प्रदान गर्ने, अनुगमन गर्ने तथा कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्यमा गाउँपालिकाहरुलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने,

३. गाउँपालिकाहरुद्वारा पेश गरिएको प्रतिवेदनका आधारमा परियोजनाको सहयोगमा सञ्चालित सम्पूर्ण कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन (भौतिक तथा आर्थिक प्रगति) हरू तयार गरी दातृ निकाय तथा संघीय निकायहरुमा पेश गर्ने,

४. परियोजनाको सहयोगमा कार्यक्रम सञ्चालित गाउँपालिकाहरू तथा जिल्ला समन्वय समिति बीच प्रभावकारी समन्वय कायम राख्न प्रादेशिक विषयगत कार्यालयहरु तथा मन्त्रालय, विभाग बीच एकरुपता, पारदर्शिता तथा सुदृढ सम्बन्ध कायम भएको सुनिश्चित गर्ने,

५. परियोजना अन्तर्गतको वार्षिक कार्यक्रम तर्जुमा गर्ने तथा अर्थ मन्त्रालयवाट स्वीकृत गर्ने कार्यमा सहजीकरण गर्ने, दातृ निकायको तर्फवाट योगदान हुने रकम निकासामा सहजीकरण गर्ने,

६. परियोजना अर्न्तगतका क्रियाकलापहरुको अनुगमनको लागि आवश्यक सहयोग गर्ने र विभिन्न तहमा

आयोजना हुने अनुगमन एवं क्षमता विकास कार्यको लागि आवश्यक सेवा उपलब्ध गराउने,

७. खानेपानी, सरसफाइ तथा स्वच्छता लगायत अन्य जलस्रोत विकास तथा जीविकोपार्जन प्रवर्द्धन कार्यक्रममा महिला, विपन्न तथा पिछडिएका समूहहरूलाई समेत आबद्ध गरी समन्वयकारी किसिमले प्रभावकारी र दक्षतापूर्वक कार्यकम कार्यान्वयनका लागि गाउँपालिको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रम, कार्यशाला, अध्ययन-अवलोकन भ्रमणहरूको सहजीकरण गर्ने,

८. गाउँपालिका, वडा र समुदाय स्तरमा परियोजना कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका, वडा कार्यालय, सेवा प्रदायक संस्था वा व्यक्ति तथा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण र अभिमुखिकरण तालिम कार्यक्रमका लागि आवश्यक सहयोग गर्ने ।

९. गाउँपालिकालाई सम्पन्न जलस्रोत योजनाहरु तथा जीविकोपार्जन क्रियाकलापहरुको दिगो संचालन, मर्मतसंभारका लागि आवश्यक नीति निर्देशिका तयार गर्न, परिमार्जन गर्न, रणनीति बनाउनर पूर्णसरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न सहयोग गर्ने ।

## ५. विविध

१. गाउँपालिकामा यस समझदारी-पत्र वा स्वीकृत मापदण्ड बमोजिम योजना तथा क्रियाकलापहरु कार्यान्वयन नभएको पाइएमा गाउँपालिकालाई परियोजनाबाट निकासा हुने कोष रोक्का गर्न सिफारिस गर्ने अधिकार विभागमा सुरक्षित रहनेछ ।

२. कार्यक्रम कार्यान्वयनमा गम्भिर रुपमा ढिलाई भएमा वा परियोजनाको कोषको दुरुपयोग भएको पाइएमा वा परियोजनाका निर्देशिका तथा कार्यविधि पालना नभएको पाइएमा परियोजना व्यवस्थापन कार्यदल (Project Management Team)ले विभाग/सुपरिवेक्षण समिति समक्ष यो समझदारी भङ्ग गर्ने सिफारिस समेत गर्न सक्नेछ ।

३. यो समझदारीको अवधि २ वर्षको ( आ.व. २०७६।७७ र २०७७।७८ सम्मको लागि कायम रहनेछ ।

४. यो समझदारी-पत्रमा उल्लेखित कुनै दफालाई थप स्पष्ट पार्न, थपघट गर्न वा पुनरावलोकन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ । कुनै असमझदारी र विवादहरू उत्पन्न भई नीतीगत तहवाट निर्णय गर्नु परेमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सुपरिवेक्षण समिति (Supervisory Board) वाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ ।

मिति : २०७६।०३।०८ स्थान : चैनपुर बझाङ्ग

**हस्ताक्षर**

**गाउँपालिको तर्फबाट**

हस्ताक्षर: ..................................................

नाम : कर्ण बहादुर कठायत

पद : अध्यक्ष

कार्यालयको छाप :

**विभागको तर्फबाट**

हस्ताक्षर: ..................................................

नाम : रामचन्द्र श्रेष्ठ

पद : महानिर्देशक

**रोहबर**

**ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण, (RVWRMP - III) को तर्फबाट**

हस्ताक्षर : ..................................................

नाम : Michiel Verweij

पद : टीम लिडर

कार्यालयको छाप :

हस्ताक्षर : ..................................................

नाम : रामचन्द्र खत्री

पद : राष्ट्रिय परियोजना संयोजक

कार्यालयको छाप :

**योजना सञ्चालन हुने सम्बन्धित वडा समितिहरुको तर्फबाट**

हस्ताक्षर : ..................................................

नाम : राजेन्द्र बहादुर खड्का

पद : वडा अध्यक्ष

हस्ताक्षर : ..................................................

नाम : शेर बहादुर खड्का

पद : वडा अध्यक्ष